# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५१) काठमाडौं, भदौ २१ गते २०५८ साल (अतिरिक्ताङ्क ३२ (क)


## भाग ३

### श्री ५ को सरकार

### उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारले औद्योगिक व्यवसाय ऐन, २०४९ को दफा १४ ले दिएको अधिकार प्रयोग गरी देहायका व्यवसायहरूलाई देहाय बमोजिमको उद्योगको वर्गीकरणमा समावेश गरेको छः

क) <u>सेवा उद्योग</u>

प्याकेजिङ्ग/रिफिलिङ्ग सेवा, कुरियर, टेलिफोन सिस्टम सेवा, कम्प्यूटर सफ्टवेयर, ड्राइक्लिनर्स, क्याटरिङ्ग सेवा, भिडियो/अडियो रेकर्डिङ्ग, भिस्याट, इन्टरनेट सर्भिस, ब्यूटिपार्लर, भाडामा खाद्यान्न कुटानी, पिसानी र पेलानी गर्ने कार्य, इन्टेरियर डेकोरेशन, सिडी रोम रेकर्डिङ्ग।

ख) <u>पर्यटन उद्योग</u>

ग्रामीण पर्यटन।

ग) <u>निर्माण उद्योग</u>

स्पोर्टस कम्प्लेक्स निर्माण तथा संचालन, स्वीमिङ्गपुल निर्माण तथा सञ्चालन, एअरपोर्ट निर्माण तथा सञ्चालन, फिल्म स्टुडियो निर्माण तथा सञ्चालन।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना २

श्री ५ को सरकारले विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०४९ को दफा ९ क. ले दिएको अधिकार प्रयोग गरी सोही ऐनको अनुसूचीको खण्ड (ख) को क्रम संख्या १४ पछि देहाय बमोजिमका क्रम संख्या १५, १६, १७ र १८ थप गरेको छ :–

"१५. ब्युटी पार्लर,
१६. भाडामा खाद्यान्न कुटानी, पिसानी र पेलानी गर्ने कार्य
१७. स्थानीय क्याटरिङ्ग सेवा,
१८. ग्रामीण पर्यटन ।"

आज्ञाले,
भानुप्रसाद आचार्य
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।